**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 1** **Open Access**
ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Peer Reviewed Research Article**

# धार्मिक कार्यक्रम एवं श्रीमद्भागत पुराणमा सङ्गीत : एक अध्ययन

वेङ्कटेश ढकाल[1]*
[1]Lecturer of 'Tabala' at Lalitkala Campus, Tribhuvan University
*Corresponding Author: wenkateshdhakal8@gmail.com

**Citation:** ढकाल, वेङ्कटेश (2022). धार्मिक कार्यक्रम एवं श्रीमद्भागत पुराणमा सङ्गीत : एक अध्ययन. *Journal of Fine Arts Campus, 4*(1). 28-36. https://doi.org/10.3126/jfac.v4i1.51759

==========================================================================

**लेखसार**

धर्मसँग सम्बन्धित कार्यक्रम नै धार्मिक कार्यक्रम भन्ने गरिन्छ । धार्मिक प्रकृतिका विभिन्न कार्यक्रम संसारका विभिन्न स्थानमा आस्था अनुसार आयोजना गर्ने प्रचलन रहेको छ । प्रस्तुत लेखमा धार्मिक एवम् नेपालमा श्रीमद्भागवत महापुराणको सप्ताह कार्यक्रममा हुने सङ्गीतका साथै त्यस विषयका कलाकारहरूको चर्चा गरिने छ । वैदिक धर्ममा आस्थावान् समूहद्वारा धार्मिक कार्यक्रम अन्तर्गत श्रीमद्भागवत पुराणको साप्ताहिक आयोजना प्राचीनकालदेखि नै हुने गरेको इतिहास छ । वर्तमान परिप्रेक्ष्यमा नेपालमा श्रीमद्भागवत कथाको आयोजनामा सङ्गीतको अपरिहार्यता प्रष्ट देख्न सकिन्छ । नेपालमा आयोजना गरिने धार्मिक एवम् श्रीमद्भागवत सप्ताह कार्यक्रममा सङ्गीत अन्तर्गत अनुबन्धित कलाकारद्वारा गायन एवम् वादन अन्तर्गत बाँसुरी, बेला, सितार, मादल, ढोलकका साथै तबलाको प्रयोग हुने गर्दछ । विभिन्न स्थानमा आयोजना हुने श्रीमद्भागवत कथामा लोक एवम् शास्त्रीय दुवै शैलीका सङ्गीत श्रवणगर्न सकिन्छ । सङ्गीत सिकेर भविष्यमा के गर्न सक्छौ भन्ने जमातलाई यस लेखबाट सङ्गीत प्रयोग हुने विभिन्न आयामहरू मध्येको एक आयामका बारेमा ज्ञान प्राप्त हुनेछ । जसबाट सङ्गीत सिक्ने चाहना भएका नवपुस्ताहरूको उत्साहमा वृद्धि आउने छ । नेपालमा सङ्गीतमय श्रीमद्भागवतको प्रचलन रहेको भएता पनि यस प्रकारको लेख जानकारीमा नभेटिएको हुनाले एउटा प्रयास गरिएको हो । प्राथमिक (सम्बन्धित कथावाचक एवम् कलाकारहरूसँग गरिएको छलफल), द्वितीयक ( विभिन्न लेख, पत्रिकाहरु, ग्रन्थहरू) एवम् अनुभवका आधारमा गुणात्मक विधिको सहयोगमा लेख तयार गरिएको छ ।

**शब्दकुञ्जी : अनुष्ठान, धर्म, नवाह, सङ्गीत, श्रीमद्भागवत सप्ताह ।**

## परिचय

नेपाल प्राचीनकालदेखि नै विभिन्न धर्मावलम्बीहरूको वासस्थानको रूपमा रहेको छ । यस स्वतन्त्र राष्ट्रमा हिन्दु, वौद्ध, जैन, सिख, इसाई लगायतका समूहद्वारा विभिन्न धार्मिक कार्यक्रमहरूको आयोजना हुने गरेको छ । त्यस अन्तर्गत वैदिक सनातन धर्ममा आस्थावान् समूहद्वारा हुने गरेको श्रीमद्भागवत महापुराणको साप्ताहिक आयोजन पनि एउटा रहेको छ । वर्तमान समयमा श्रीमद्भागवत सप्ताहमा सङ्गीतको भरपूर प्रयोग भएको देख्न सकिन्छ । लेखमा प्रमुख रूपमा नेपालमा आयोजना हुने धार्मिक एवम् सङ्गीतमय श्रीमद्भागवत सप्ताह कार्यक्रममा सङ्गीतकला प्रस्तुति गर्ने कलाकारहरूको अवस्थाको बारेमा चर्चा रहेको छ । साथै धर्मको परिभाषा सङ्कीर्तनको महत्व आदि विषयमा नेपालका प्रख्यात कथाकारहरूको धारणा समावेश गरिएको छ । श्रीमद्भागत कथामा अनुवन्धित भएर सङ्गीत प्रस्तुती गर्ने कलाकारमात्र नभई अन्य स्थान (टेलिभिजन, होटल ) मा व्यावसायिक रूपमा कार्यगर्ने तथा यदाकदा श्रीमद्भागवत सप्ताह कार्यक्रममा सहभागिता जनाउने कलाकारहरूसँग गरिएको छलफलबाट प्राप्त निष्कर्ष लेखमा प्रस्तुत गरिएको छ ।

## नेपाल र धार्मिक कार्य

नेपाल देशको नाम हो भनेर उल्लेख भएको ईशापूर्व ८००-६०० वर्ष पुरानो रहेको अर्थक परिशिष्ट पहिलो श्रोत हो । यस पछिको इशापूर्व ३०० मा रचना गरिएको कौटिल्यको अर्थशास्त्रमा पनि नेपाल शब्दको उल्लेख परेको छ ( अधिकारी, सन् २०२१ ) । त्यसै गरी हिमवत्खण्डमा मरीचि मुनिका सुपुत्र ने मुनिद्वारा पालित भएको नेपाल प्राचीनकालदेखि नै स्वतन्त्र वैदिक हिन्दु राष्ट्रको रूपमा रही आएको भरतको नाट्य शास्त्रमा उल्लेख छ (भट्टराई, २०७७, पृ.१६) । नेपाली बृहत् शब्दकोश (२०७६) का अनुसार धर्मसँग सम्बन्धित व्यक्ति वा समाज नै धार्मिक हो । धर्मसँग सम्बन्धित कार्यक्रमलाई नै धार्मिक कार्यक्रम भनिन्छ । धृ धातुबाट बनेको धर्म शब्द संस्कृत वाङ्मयबाट आएको हो । संस्कृतका विभिन्न ग्रन्थहरूमा "*धार्यते इति धर्मः* "उल्लेख भएको यसको नेपालीमा अर्थ धारण गर्नु भन्ने हुन्छ । शरीर एवम् आत्माको लागि धर्मको २ प्रकार रहेको छ भनेर उल्लेख गरिएको प्राप्त गर्न सकिन्छ (Vedik aim, 2017) । धर्मको परिभाषाका क्रममा

"*यतो अभ्युदय निःश्रेयस सिद्धि तत् धर्म* " अर्थात् जसद्वारा भौतिक एवम् पारलौकिक दुवै प्रकारको आनन्द प्राप्त हुन्छ त्यो नै धर्म हो भनेर पनि उल्लेख भएको छ ( ज्ञवाली, २०७८, पृ.४७९ ) । वैदिक सनातनीहरूद्वारा आयोजना गरिने धार्मिक कार्यक्रमहरू अन्तर्गत सत्यनारायण कथा, रुद्री पाठ, लक्ष्यवर्ती प्रज्वलन लगायत श्रीमद्भागवत सप्ताह, नवाह, चतुर्मास व्रत आदि पर्दछन् । त्यसमध्ये श्रीमद्भागवत सप्ताह सर्वाधिक महत्वपूर्ण आयोजन मानिन्छ । जीवनमा एक पटक श्रीमद्भागवतको आयोजना गर्ने धोको सबैको रहेको हुन्छ । श्रीमद्भागवत कथाको सात दिन, नौ दिन, चार महिना गरी यस्ता प्रकारका कार्यक्रममा अवस्था अनुरूप धार्मिक प्रकृतिको सङ्गीतको उपयोग गरिन्छ । नेपालमा विभिन्न प्रकारका धर्मको प्रभाव वृद्धिका लागि दक्षिण तर्फको छिमेकी राष्ट्रको ठूलो भूमिका रहेको छ । धमसँगै त्यसमा प्रयोगहुने सङ्गीत पनि आउने गर्दछ । भारतका विभिन्न प्रान्तमा भएको भक्ति आन्दोलनको लहरबाट प्रभावित भएर नेपालमा त्यसका अनुयायीहरू बढेको देख्न सकिन्छ । स्वधर्म अन्तर्गतका विभिन्न कार्यक्रम नेपाल लगायत संसारका विभिन्न स्थानमा आफ्नो आस्था अनुसार कार्यक्रमहरूको आयोजना गर्ने प्रचलन रहेको छ (Regmi, 2003) ।

**पुराणमा सङ्गीतको औचित्य**

'पुराण' को शब्द-व्युत्पत्ति हेर्ने हो भने यो 'पुरा' र 'अण 'मिलेर बनेको छ । सामान्य अर्थमा पुराणकालीन पुरातन समयका परिघटना, विषयवस्तु, चरित्र आदिलाई बताउने ग्रन्थ नै पुराण हो भन्ने तात्पर्य बुझिन्छ । समावेश भएका लक्षणहरूका आधारमा यस प्रकारका ग्रन्थहरूलाई पुराण, उपपुराण एवम् महापुराण तीन प्रकारमा विभाजन गरिएको पाइन्छ ।

सर्व साधारणका दैनिक जीवनमा व्यवहारमा आइरहेका वा आउने विषयवस्तुहरू पनि पुराणमा प्रशस्त छन् ( युगपत्र, २०७८) । पुराणहरूमा नाट्य, काव्यशास्त्र, सङ्गीत, चित्रकला, मूर्तिकला अन्यपनि धेरै विधा वा विषयवस्तुको संयोजन देखिन्छ । वाद्य विभाजनमा अवनद्ध वर्गमा रहेको ताल वादनद्वारा गायन, वादन एवम् नृत्यमा रस उत्पत्तिको वर्णन प्राप्तगर्न सकिन्छ । सङ्गीतको सन्दर्भमा वायुपुराणमा "*सप्तास्वरास्त्रयो ग्रामा मूर्छ्नाश्चैकविम्शतिः । तानाश्चैकोनपंचाशत् इत्येतत् स्वरमण्डलम्* "॥ अर्थात सात स्वर, तीन ग्राम, एक्काइस मूर्छ्ना, उनन्चास तानको समुदाय स्वर रहेको छ । चार प्रकारका ताल, तीन प्रकारको लय, चार प्रकारको पद आदिको उल्लेख प्राप्त गर्न सकिन्छ । त्यस समयमा आयोजना गरिने विभिन्न यज्ञहरुमा अलगअलग प्रकारको २० प्रकारका तानहरूको प्रयोग गर्ने प्रचलन रहेको थियो । रस, जातिलक्षण, अलङ्कार, वाद्ययन्त्रको वर्गीकरण तत्, घन, अवनद्ध, सुषिर उल्लेखका साथसाथै अवनद्ध वाद्यमा वादन हुने वर्णहरूको पनि उल्लेख भएको विष्णुधर्मोत्तर, मार्कण्डेय पुराणहरूमा गरिएको पाइन्छ (Singh, 2010, p.219) ।

नेपालमा श्रीमद्भागवत कथाको आयोजना साप्ताहिक रूपमा आयोजना गर्ने प्रचलनको मिति तोक्नसक्ने अवस्था प्राप्तगर्न सकिएको छैन । तर कार्यक्रममा नाम सङ्कीर्तन हुने गरेको थियो भन्ने अनुमान गर्न सकिन्छ । वर्तमानमा प्रचलनमा रहेको सङ्गीतका विभिन्न विधाका कलाकारहरूलाई अनुबन्धित गरी सङ्गीतमय भागवतको प्रचलन कहिलेदेखि भएको हो भन्ने जिज्ञासाको समाधानका क्रममा निम्न उत्तर उपलब्ध भएको छ, जसबाट जिज्ञासाको सामान्य रूपमा समाधान हुने आस गरिएको छ । नेपालमा सङ्गीतको ज्ञान भएका केही कथा व्यासहरूसङ्ग गरिएको संवाद अनुसार प्रमुख रूपमा कविप्रसाद गौतम (रामगुरु) एवम् खेमराज केशव शरणद्वारा यस प्रकारको कार्यको सुरुवात भएको मानिन्छ । भजन कीर्तनको माध्यमबाट गीतसङ्गीत प्रती आकर्षित भएका खेमराज केशवशरण राम्ररी हार्मोनियम वादन गर्दथे र हार्मोनियमको सुरीलो भाकामा, तबलाका विभिन्न तालमा भजनहरू गाउने कार्यमा समेत सक्रिय देखिन्थे । उनको कला र गला देखेर सबैजना छक्क पर्दथे । धार्मिक प्रवचनका क्रममा समेत उनले विभिन्न मन्त्रोच्चारण सङ्गीतको तालमा प्रस्तुत गर्दथे । पूज्य कविप्रसाद गौतम एवम् उनका अनुयायीहरूद्वारा श्रीमद्भागवत नेपाली भाषामा विभिन्न छन्दमा लेखन गरिएको एवम् हार्मोनियम तथा तबलाका साथमा गायन एवम् प्रवचन गर्ने गरिएको थियो । आज पर्यन्त सोही परम्परा अजित गौतम र वन्दना गौतमद्वारा हुने गरेको देख्न सकिन्छ । उनको श्रीमद्भागवत प्रवचनमा दिव्य आनन्दको अनुभूति अध्येताले गरेको छ । नेपालीमा लेखिएको भागवत कुन्जका श्लोकको गायन विभिन्न शास्त्रीय रागमा आधारित हुनुका साथै ताल परिवर्तन गरेर हुने गायन वास्तवमा अलौकिक आनन्दको अनुभूति गराउन सक्षम हुन्छ भन्ने सत्य सावित हुन्छ ।

श्रीमद्भागवत महापुराणमा पूर्णावतार मानिएका श्री कृष्णको सम्पूर्ण चरित्र विस्तारमा वर्णन गरिएको छ । श्रीमद्भागवत दशमस्कन्धमा कालीय नागको शिरमा श्रीकृष्णद्वारा गरिएको नृत्यको वर्णनको उल्लेख अनुसार उनी उत्कृष्ट नृत्यकर्ता थिए भन्न सकिन्छ । एवम् उनको बाँसुरी वादनद्वारा भएका विभिन्न चामत्कारिक क्रियाकलापको

वर्णनबाट उत्कृष्ट बाँसुरीवादक रहेको वर्णन कथाकारहरूले गरेको श्रवण गर्न सकिन्छ। त्यसैगरी कीर्तनका सम्बन्धमा श्रीमद्भागवत महापुराणमा गोपीहरू कुनै प्रकारका ग्रन्थहरूको अध्ययन नगरेका तर हरदम "*श्री कृष्ण गोविन्द हरे मुरारे हे नाथ नारायण वासुदेव* " कीर्तन गर्ने वर्णन गरिएको पाइन्छ। श्रीमद्भागवतमा व्यासको आज्ञा "*योगिनाम नृप निर्णितं हरेर्नामानु कीर्तनम* " अनुसार हरिनाम सङ्कीर्तन योगीजनहरूद्वारा पनि हुनु पर्दछ। प्रल्हाद, ध्रुव, एवम् सनकादि मुनिहरूद्वारा पनि श्रीमद्भागवतमा सङ्कीर्तन भएको उल्लेख प्राप्तगर्न सकिन्छ । यस कुराको पुष्टि ग्रन्थमा रहेको महात्म्यको ६ अध्यायको ८६ औं श्लोकबाट हुन्छ । यस प्रकार श्रीमद्भागवतमा सङ्कीर्तन को महिमा मुक्त कण्ठले गरिएको हुनाले सङ्गीतको प्रयोग गर्ने प्रचलन रहेको भन्ने युवा विद्वानले व्यक्त गरेका छन् (उपाध्याय, राघव, व्यक्तिगत संचार, २७, बैशाख,२०७९) । श्रीमद्भागवत महापुराणमा सङ्गीतको मुक्तकण्ठले प्रशंसा गरिएको हुनाले नेपालमा परम्परागत एवम् भारतका कथाकारहरूको अवलम्बन गर्दै नेपालका कथाकारहरूद्वारा पनि सङ्गीतमय श्रीमद्भागवतको आयोजना हुने गरेको हो भन्न सकिन्छ।

पूर्वीय दर्शनमा सङ्गीतको उत्पत्ति सामवेदबाट भएको मानिन्छ (प्रधान, २०७२, पृ. १३) । द्वापरयुगमा अवतीर्ण भएका भगवान् श्रीमद्भगवत गीतामा "*वेदानां सामवेदोस्मी* " वेदहरू मध्येमा सामवेद मेरै स्वरूप हो भन्ने उल्लेख गरेका छन्।नेपालमा हिन्दु धर्मका अनुयायीहरु धेरै रहेको हुनाले सङ्गीतलाई आत्मसात गरेको हुनुपर्दछ।धर्म निरपेक्षताको घोषणा २०७२ भन्दा अघिसम्म नेपाल हिन्दुराष्ट्रको रूपमा रहेको थियो (शाक्य, २०७८ )।ग्रन्थको दशमस्कन्धमा प्राणका रूपमा मानिएका (गोपी, वेणु, भ्रमर, महिषी, युगल ) गीतहरू रहेका छन्। श्री कृष्णको वंशीवादनद्वारा हुने गरेका विभिन्न क्रियाहरूको वर्णन पनि यसमा रहेको छ। त्यस समयका महाविद्वान् मानिएका उद्धव वृन्दावनका गोपीहरूद्वारा भएको सङ्कीर्तनबाट नतमस्तक भएको उल्लेख रहेको छ (भारद्वाज, यदुनन्दन, व्यक्तिगत संचार, २७, वैशाख, २०७९)। वर्तमान समयमा पनि श्री कृष्ण बिनाको सङ्गीत अधुरो रहने गर्दछ। गायनको एउटा प्रकार होरी एवम् शास्त्रीय नृत्य अन्तर्गत कत्थक तथा कर्नाटक पद्धतिको भरत नाट्यमा रासलीला लगायत श्री कृष्णका विभिन्न लीलाहरूको वर्णन गरी नृत्य प्रस्तुत भएको देख्न सकिन्छ (पाटणकर, सन् १९८२/८३ पृ.१०५)।

नेपालमा श्रीमद्भागवतको प्रचलन कुन समयदेखि भएको हो मिति तोकेर भन्न नसकिए पनि यसको प्रचलन प्राचीन रहेको थियो भन्न सकिन्छ। वर्तमानमा श्रीमद्भागवत सप्ताह कथाको आयोजना निजी एवम् सार्वजनिक गरी २ प्रकारबाट हुने गरेका छन्। आफ्ना पितृहरूको सद्गतिका लागि आफ्नो व्यक्तिगत खर्चद्वारा आयोजना गरिने कार्यक्रम निजी कार्यक्रम हो। समाजमा विभिन्न सामुदायिक क्रियाहरूको परिपूर्तिको लागि गरिने आयोजना सामाजिक हो। दुवै प्रकारका आयोजनामा सङ्गीतको भरपूर प्रयोगहुने गरेको देख्न सकिन्छ। यस प्रकारको आयोजनामा प्रयोगहुने सङ्गीत साथै सङ्गीतकर्मीहरू पनि कथा व्यास एवम् आयोजकको उद्देश्य अनुसार छानिने गर्दछन्। सामाजिक कार्यमा ५ देखि १५ एवम् निजी कार्यक्रममा ३ जनासम्म सङ्गीतकर्मीहरूको समावेश रहेको देख्न सकिन्छ। जसमा तालवादक अनिवार्य रूपमा रहेको हुने गर्दछ। कथावाचकहरूको सङ्गीत सम्बन्धी ज्ञान एवम् आयोजकको आर्थिक अवस्था अनुसार कलाकारहरूको संख्या थपघट पनि हुनसक्छ। सङ्गीतबिनाको श्रीमद्भागवत कथा वर्तमान समाजमा त्यत्ति रुचिकर नहुने भएका कारणले सङ्गीतको प्रयोग अपरिहार्य भएको छ। भारतका धार्मिक स्थलहरूमा हुने सङ्गीतमय श्रीमद्भागवतको आयोजना परम्परागत रूपमा हुने गरेको देख्न सकिन्छ । त्यसैको प्रभावले नेपालमा श्रीमद्भागवतमा सङ्गीतको प्रयोग हुने गरेको हुनसक्ने कथाकारले व्यक्त गरेका छन् (अधिकारी, अविनाश, व्यक्तिगत संचार, २७, वैशाख, २०७९)।

स्वयम् गायन गर्ने गायकद्वारा गायन गराउने गुणका आधारमा कथा वाचक २ प्रकारका मान्न सकिन्छ। प्राय: स्वयम् गायन गर्ने कथाकार गायन बाहेकका अरु कलाकारलाई साथमा समावेस गर्ने गर्दछन्। स्वयम् गायन नगर्ने तर सङ्गीतको आनन्द लिन सिकेका कथावाचकद्वारा सङ्गीत सिकेका सङ्गीतकारलाई कथामा सामेल गराउने प्रचलन रहेको छ। स्वयम् गायन गर्दै वा कलाकारहरूद्वारा सङ्गीत सम्बन्धी प्रस्तुती गराउँदै भएता पनि श्रीमद्भागवत सप्ताहमा सङ्गीत अनिवार्य तत्वको रूपमा समावेस गरिएको देख्न सकिन्छ। सङ्गीतको औपचारिक अध्ययन गरेका कलाकारहरू सङ्गीतको ज्ञानद्वारा कथामा अझै रौनकता वृद्धि गर्दछन्। लोक सङ्गीतको मात्र जानकारी भएका एवम् मन पराउने कथाकारहरूको कार्यक्रममा शास्त्रीय सङ्गीत सिकेका कलाकारको कला प्रस्फुटन सम्यक् प्रकारबाट हुन पाउँदैन। शास्त्रीय सङ्गीतको ज्ञान भएको कथावाचक भएमा शास्त्रीय सङ्गीतको ज्ञान भएका कलाकारहरु तथा तबला वादकलाई सहज हुन्छ। वेदान्तलाई महत्व दिने कथाकार श्रीमद्भागवत कथामा सङ्गीतलाई व्यवधानको रूपमा लिने गर्दछन् । नेपालमा सबैप्रकारका

श्रीमद्भागवत कथाहरू सङ्गीतमय नै हुने कारणले गर्दा वर्तमानमा श्रीमद्भागवत साप्ताहिक रूपमा अनुष्ठान गराउने कतिजना हुनुहुन्छ भन्ने अवस्था छैन ।

परम्परागत मान्यतामा रहेका गुरुजीहरू सङ्गीत ब्राह्मणहरूको अधिकार भएको विषय होइन भन्ने धारणा पनि राख्ने हुनाले कथा वाचक स्वयम् गायन नगर्ने अवस्थामा सङ्गीतकलाकार राख्ने प्रचलन रहेको छ । अमरकोश लगायतका प्राचीन विभिन्न ग्रन्थहरूमा सङ्गीत सम्बन्धी कार्यहरू शूद्रकै कार्यक्षेत्र भित्र पर्ने कुरा पनि उल्लेख पाइन्छ (रेग्मी, २०७८) । त्यस कारण कतिपय कथा वक्ताहरूले सङ्गीतको महत्व वर्णन मुक्तकण्ठद्वारा गरेता पनि सङ्गीत सम्बन्धी कार्य नगरेको देख्न सकिन्छ (आचार्य, २०७९) । त्यस प्रकारको सोचाइलाई एकातिर राखेर वर्तमानमा केही कथाकारहरूले आफूलाई उपयुक्त हुनेगरी सङ्गीत अन्तर्गत गायनको औपचारिक अध्ययन पनि गरेको पाइन्छ । स्व.विनय वर्माको सङ्गीत कक्षामा विभिन्न कथाकारहरू जसलाई स्वयम् हार्मोनियम वादन गर्दै सामान्य नाम संकिर्तन गर्नसक्ने सम्मको शिक्षाको आवश्यकता रहेको व्यक्त गरेको अध्येताले पनि अनुभव गरेको छ । सङ्गीतको राम्रो ज्ञान भएका कथावाचक (व्यास) भएको खण्डमा मात्र सङ्गीतको भरपुर उपयोग हुने एवम् कलाकारको पनि राम्रो सम्मान हुने गर्दछ ।

**सङ्गीत एवम् यसको महत्व**

"*साहित्य सङ्गीत कला विहीन, साक्षात् पशु पुच्छ विषाण हीन*" अर्थात साहित्य एवम् सङ्गीत कला जसमा छैन त्यसको जीवन पशुतुल्य हुने गर्दछ (प्रधान, २०४०, पृ. १) । पौरस्त्य विचारधारा अनुसार नादलाई ब्रह्म भनिन्छ, नादबाट सङ्गीत उत्पत्ती भएको हो । नाद विना श्रीष्टिको कल्पना नै गर्न सकिन्न, समस्त सृष्टि नादद्वारा हुने एवम् अन्त्य पनि नादमै हुने कुरा पनि विद्वान्हरूको मान्यता रहेको छ (रेग्मी, २०७८ र पाल सन् १९३८, पृ.७-८) । नेपाल प्राचीनसमयदेखि नै सङ्गीत एवम् विभिन्न प्रकारका वाद्ययन्त्रहरूको प्रयोग गर्ने राष्ट्रको रूपमा रहेको छ । परम्परागत मान्यताअनुसार राष्ट्रका बासिन्दाहरूद्वारा विभिन्न जात्रा, नाच, पर्व आदिमा सङ्गीतलाई सगुनको रूपमा प्रयोग गर्ने गर्दछन् (Varya, No date p. 43-59) । त्यति मात्र नभएर सङ्गीत आफ्ना इष्टलाई प्रसन्न तुल्याउने साधनको रूपमा प्राचीनकालदेखि नै प्रयोग हुने गरेको इतिहास रहेको कुरा पौडेल (सन् २०२१) ले उल्लेख गरेका छन मिराबाई, सूरदास, कवीर लगायत अन्य सङ्कीर्तन कर्ताहरूले यसको प्रभाव जीवनमा सिद्ध गरेको विभिन्न धार्मिक ग्रन्थहरूमा अध्ययन गर्न सकिन्छ ।

सङ्गीतको प्रयोग भक्तले केवल आफ्ना इष्ट प्रसन्नता लागि मात्र नभई प्राचीन समयदेखि नै चिकित्सकीय उपयोग हुने गरेको छ । सङ्गीतको उपयुक्त प्रयोगबाट मानसिक सन्तुलन गुमाएका व्यक्तिको पनि सफल उपचार भएको छ । सङ्गीत सबैलाई मनोवैज्ञानिक रूपमा असरगर्ने तत्वको रूपमा रहेको हुन्छ । ज्वरो, अनिद्रा लगायतका असहज परिस्थितिमा सङ्गीत चिकित्सा अत्यन्त लाभदायक भएको छ ( पाल, सन् १९३८, पृ.९) । कथाकारहरूलाई सङ्गीतको चिकित्सकीय प्रयोगका बारेमा ज्ञान नभए तापनि श्रीमद्भागवत कथा सुनेर अल्छि लागेको अवस्थामा सङ्कीर्तन द्वारा श्रवणकर्ताहरूमा स्फूर्ति एवम् एकाग्रतासाथ कथा श्रवण गर्ने भएकोले पनि सङ्गीतको प्रयोगहुने गर्दछ । कीर्तनको बारेमा श्रीमद्भागवत चतुर्थ स्कन्धमा प्रल्हादद्वारा भगवान्को ९ प्रकारका भक्तिको बारेमा उल्लेख गर्दै बताउँछन् । "*श्रवणम् कीर्तनम् विष्णो स्मरणम् पादसेवनम् । अर्चनम् वन्दनम् दास्यं सख्यं आत्म निवेदनम्*" ॥ अर्थात् श्रवण गर्नु, गुणको कीर्तन गर्नु, ध्यान गर्नु, चरणको सेवा गर्नु, अर्चना गर्नु, हात जोडेर प्रार्थना गर्नु, आफूलाई सेवक मान्नु, आफ्नो हितकारी मित्र मान्नु, आफूलाई भगवान्को लागि प्रस्तुत गर्नु नौ प्रकारका भक्तिको लक्षण मानिएको छ । उल्लेख गरिएका ९ प्रकारका भक्तिहरूमध्ये कीर्तनद्वारा भगवान् छिट्टै प्रसन्न भएर प्रह्लादको रक्षा गरेको उल्लेख छ (रिमाल, अर्जुन, व्यक्तिगत संचार, २७, वैशाख, २०७९) । उपलब्ध तथ्यका आधारमा सङ्गीतको धार्मिक, सांस्कृतिक एवम् चिकित्सकीय आदि प्रयोग हुने गरेको देख्न सकिन्छ ।

पूर्वीय जगत्मा मात्र नभई सङ्गीतको महत्वका बारेमा पश्चिमी जगतमा पनि विभिन्न बिचार व्यक्त भएको पाइन्छ । प्लेटोका अनुसार सङ्गीतमा सबै कलाहरू सिक्ने कुञ्जीहरू हुन्छन् । नेपोलियनका अनुसार मानव जातिको बृहत्ताको बारेमा सङ्गीतले हामीलाई अझ विस्तृतरुपमा बताउँछ । भौतिकशास्त्रीका रूपमा परिचित भएका अल्बर्ट आइन्स्टाइन आफ्नो सोचाई सङ्गीतमय रहेको तथा जीवनलाई सङ्गीतद्वारा नियालिरहेको हुने भाव व्यक्त गरेका छन् । चार्ल्स डार्विन आफूले आफ्नो जीवन फेरि पाएमा अनिवार्य रूपमा सङ्गीत सुन्ने बताएका छन् (Small, 2018) ।माथिका

विभिन्न तथ्यका आधारमा सङ्गीत संसारका प्रसिद्ध व्यक्तिहरूद्वारा सराहना गरिएको विषयको रूपमा रहेको छ भन्ने प्रमाणित हुन्छ।

शास्त्रमा आधारित भएर प्रस्तुत गरिने सङ्गीतलाई शास्त्रीय सङ्गीत भनिन्छ।राष्ट्रका विभिन्न स्थानहरूमा प्रचलित संस्कृति अनुसार प्रयोग गरिने सङ्गीतलाई लोक सङ्गीत भन्ने गरिन्छ (वसन्त, सन् २०१०, पृ. ५६६) । लोक सङ्गीतमा प्राकृतिक रूपमा मानव मस्तिष्कको मनमा रहेको विभिन्न भावहरू स्वतः स्फूर्त हुने गर्दछ ( रावल, २०६३, पृ. २६३) । शास्त्रमा उल्लेख गरिएका नियम अनुसार प्रस्तुत गरिने सङ्गीतमा सुन्दरताको अभिवृद्धिका लागि विभिन्न अलङ्कारको प्रयोग गरिने हुँदा यसलाई सङ्गीतको उच्चस्तर भन्न सकिन्छ। उच्च सङ्गीत अन्तर्गत प्रस्तुत गरिने विभिन्न विधाहरूबाट आनन्द प्राप्त गर्नका लागि त्यस विषयमा ज्ञानको आवश्यक हुने गर्दछ। सङ्गीतलाई शुद्ध रूपमा प्रस्तुत गर्नका लागि शास्त्रीय सङ्गीत सिक्नुपर्छ (रेग्मी, २०७७, पृ. १) ।

सङ्गीत सम्बन्धी शास्त्रका ज्ञान सामान्य जनमानसलाई नहुने भएको कारणले गर्दा समाजमा शास्त्रीय सङ्गीत सबैलाई रुचिको विषय हुँदैन। शास्त्रीय सङ्गीत अन्तर्गतका विभिन्न विधाहरूमा प्रयोग हुने आलाप, मीड, गमक, खट्का, मुर्की आदिको प्रयोगको बारेमा ज्ञान भएको व्यक्तिले सामान्य श्रोता भन्दा अधिक आनन्द लिन सक्दछ (सर्वहारी, २०७७)। काठमाडौँमा अवस्थित पशुपति नाथ मन्दिरको पूर्वपट्टि आर्यघाट परिसरमा नित्य हुने वागमती गङ्गा आरतीमा प्रत्यक्ष यसको अनुभव गर्न सकिन्छ। दादरा तालको द्रुत लयमा वादन गर्दा शिव ताण्डव स्तोत्र गायनको समयमा र झपताल वादन रुद्राष्टक गायनको समयमा उपस्थित रहने दर्शक श्रोताको उपस्थितिद्वारा यसको पुष्टि हुन्छ। विलम्बित एवम् मध्यलयको आनन्द सङ्गीत सिकेको व्यक्तिद्वारा मात्र ग्रहणीय हुने गर्दछ। धार्मिक कार्यमा उपयोग गरिने सङ्गीतमा रस भाव अभिवृद्धिमा तबला सर्व प्रकारबाट सक्षम रहेको हुनाले शास्त्रीय सङ्गीतको बारेमा जानकार कथा वाचकद्वारा ताल वादनमा तबलालाई प्राथमिकतामा राखेका हुन्छन् । तालमा द्रुतगतिमा वादन हुने दादरा एवम् कहरवा तालले सामान्य भन्दा सामान्य श्रोताको पनि सहजै ध्यान आकृष्ट हुने, एवम् नृत्य गर्न उत्साह प्रदान गर्दछ।

**पुराणमा तालवादनको स्थान**

ताल प्रयोगको विषयमा परिप्रेक्ष्यमा कथाको विश्रान्तिपछि नाम सङ्कीर्तन को समयमा "*प्रल्हादस्ताल धारी* "अर्थात प्रल्हाद कीर्तनमा ताल दिने कुरा श्रीमद्भागवतमा उल्लेख भएको छ। सबै प्रकारका सङ्गीतलाई तालद्वारा अझ आनन्दमय बनाउँछ "*गीतम् वाद्यम् तथा नृत्यम् यतस्ताले प्रतिष्ठितम्* "(भण्डारी, २०५८, पृ. ५ ) । सङ्कीर्तनमा आनन्दको वृद्धिका लागि तालवादन महत्वपूर्ण छ। सङ्गीतका विभिन्न विधाहरूमा अझ रोमाञ्चकताको लागि प्राचीनकालदेखि नै विभिन्न प्रकारका ताल वाद्ययन्त्रहरू जस्तै दुन्दुभी, पटह, नागाडा, मर्दल, मृदङ्ग हुँदै ढोलक, मादल एवम् तबला वर्तमानमा सर्वाधिक प्रयोग गरिने तालवाद्यहरू हुन् । प्राकृतिक लयलाई आधार मानेर विभिन्न प्रकारका तालवाद्यहरूको निर्माण भएको अनुमान गर्न सकिन्छ (मराठे, सन् १९९१, पृ. १-४)।

सङ्गीतको शैली अनुसारका ताल बाजाहरूको प्रयोग भएको हुने गर्दछ। शैलीगत विशिष्टता अनुसार ताल बाजाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। सङ्गीत अन्तर्गतका लोक, शास्त्रीय, आधुनिक सबै विधामा भिन्न प्रकारका लयको प्रयोग अपरिहार्य मानिएको छ (श्रेष्ठ, २०६६, पृ. ६-१२) । सङ्गीतको ज्ञान भएको वाचकलाई महत्वपूर्ण रूपमा सहयोग गर्ने कलाकार तालवाद्य वादक रहेको हुन्छ। श्रीमद्भागवत सप्ताह आयोजना अन्तर्गत प्रयोग हुने सङ्गीतमा ताल वाद्यका रूपमा तबलावादन हुने गरेको छ। तबलावादनको आनन्द लिन कथाकारले सङ्गीत सिकेको हुनुपर्दछ । तबलावादनमा प्रयोग गरिने विभिन्न शैली एवम् रचनात्मकताको ज्ञानको अभावमा लोक सङ्गीतको मात्र जानकारी भएका व्यासहरू आनन्द लिन सक्षम हुँदैनन् । तबला वादकलाई कुनै समयमा "*उत्तम गाए मध्यम नाचे सबसे पतित मृदंग वजाए*" लोकोक्तिको प्रयोग गर्दै उपेक्षाको दृष्टिकोणबाट हेरिने प्रचलन रहेको थियो स्व.होम नाथ उपाध्याय भन्ने गर्दथे। रस अभिबृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने ताल वादकलाई किन त्यसो भनेको होला अध्येताको उत्कण्ठाको विषय रहेको छ।

रस एवम् भाव उत्पन्न गराउनका लागि ताल वाद्यको उपयुक्त विधिद्वारा वादन महत्वपूर्ण भूमिका हुन्छ। करुण/शान्त रसमा विलम्बित लय, शृङ्गार रसको अभिवृद्धिका लागि मध्य लय, बीर/रौद्र रसको उत्पत्तिको लागि द्रुतगतिमा तालवाद्य वादन गरिन्छ (मराठे, सन् १९९१, पृ. ६३ ) । "*पिवत भागवतम् रसमालयम्* " श्रीमद्भागवत रसको घर हो भन्ने उल्लेख भएको छ। सङ्गीतमा विभिन्न विधाहरूमा तालवादनद्वारा मधुरता, स्फूर्तिदायक, एवम् मनोरञ्जनको अभिवृद्धि हुने गर्दछ। विभिन्न प्रकारले वादन शैलीद्वारा रसको उत्पत्ति एवम् सुन्दरताको अनुभव गराउन समर्थ हुन्छ (

**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 1**
ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Open Access
Peer Reviewed Research Article

मराठे, सन् १९९१ पृ. ३२-३३) । श्री खोल वादन नामक तालवाद्य वादन गर्दै *"हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे, हरे राम हरे राम राम राम हरे हरे "* नाम सङ्कीर्तन वर्तमानमा विश्वका अनेक राष्ट्रहरूमा आल्हादमय रूपमा गायन तथा हुने गरेको देख्न सकिन्छ । श्री खोलको तालमा निमग्न भएर उल्लासमय नृत्य सम्भव हुन सकेको हो भन्न सकिन्छ ।सङ्गीतका सबै विधाहरूमा ताल वादनद्वारा रस उत्पत्ति हुने गर्दछ (मराठे ,सन् १९९१ पृ. २१७) । आफू भर्खर तबला सिक्ने क्रममा रहँदा स्व. पण्डित होमनाथ उपाध्यायले यस्ता प्रकारका कार्यक्रममा संलग्न भएको बताएका थिए । सिक्दै गरेको अवस्थादेखि नै तबला वादनका विभिन्न पक्षको ज्ञान हुन नितान्त आवश्यक हुने भएकोले उनी बारम्बार अनेक उदाहरणका साथमा सकेसम्म सङ्गीतका सबै विधामा तबलावादन गर्न प्रेरित गर्दथे ।

**कलाकारको आर्थिक अवस्था**

त्रिभुवन विश्वविद्यालय अन्तर्गत ललितकला क्याम्पसमा आंशिकरुपमा कार्यगर्ने प्राध्यापकले एक महिनामा प्राप्तगर्ने पारिश्रमिक भन्दा यस्ता प्रकारका कार्यक्रममा नियमित रूपमा सहभागी हुने कलाकारले प्राप्त गर्ने पारिश्रमिक तुलनात्मक रूपमा उच्चहुन्छ । आयोजक एवम् कथाकारलाई सङ्गीतमा हुने ज्ञान अनुसार कलाकारलाई सम्मान एवम् दक्षिणा उपलब्ध गराइने प्रचलन रहेको छ । विभिन्न संस्थाबाट शास्त्रीय सङ्गीतको तालिम प्राप्त गरेका सङ्गीतकर्मीहरू यस्ता प्रकारका कार्यक्रममा आफू एवम् परिवार सबैको जीवनयापन आरामकासाथ भएको हुनाले यसमै आनन्द मानेको पनि देख्न सकिन्छ । परिवारको आर्थिक अवस्था सुदृढ नभएका कलाकार जस्तो कार्यक्रममा पनि अर्थ उपार्जनको हेतु सहभागिता जनाउने गर्दछन् । उपर्युक्त चर्चाद्वारा यस प्रकारका कार्यक्रममा सहभागिता जनाउने कलाकारको आर्थिक अवस्था राम्रो छ भन्न सकिन्छ । प्रत्यक्ष आयकर नकाटिने भएकोले यस्ता प्रकृतीका कार्यक्रमलाई सहज रूपमा अर्थको उपार्जन हुने कार्यक्रम हो भन्न सकिन्छ । यस प्रकृतिका कार्यक्रममा सहभागी हुने कलाकारको प्रमुख समस्या चाहिँ वैश्विक महामारीमा समयमा कार्यक्रमको आयोजना नहुने अवस्थामा आर्थिक सङ्कटको सामना गर्नुपर्दछ । सन् २०१९ मा कोभिड १९ को महामारिका अवसरमा यस प्रकारका कार्यक्रममा सहभागीता जनाउने कलाकारहरू जीविकोपार्जनका लागि दोश्रो मार्ग अपनाउन वाध्य हुनुपरेको थियो ।

**कलाकारको स्तर**

उच्चाङ्ग सङ्गीतमा हुने वादनको ज्ञान एवम् त्यस प्रकारका कार्यक्रमबाट मात्र नेपालमा सहज जीवनयापन सम्भव नहुने हुनाले सङ्गीतकर्मीलाई आर्थिक उपलब्धिको अरु उपाय अवलम्बन गर्नु परेको देख्न सकिन्छ । श्रीमद्भागवत सप्ताह अनुष्ठानमा कस्ता प्रकारका सङ्गीतका कलाकारहरूले सहभागिता जनाउँछन् ? त्रिभुवन विश्वविद्यालय अन्तर्गत सङ्गीत अध्ययन अध्यापन गर्ने गराउने विद्यार्थीका साथै विश्वविद्यालयमा आंशिक रूपमा संलग्न रहेका सङ्गीतकर्मीहरू पनि यस्ता प्रकारका कार्यक्रममा उपस्थिति जनाएको देख्न सकिन्छ । यस्ता प्रकारका कार्यक्रममा सामान्यदेखि शास्त्रीय सङ्गीतका विभिन्न विधाहरूमा स्नातक, स्नातकोत्तर एवम् विद्यावारिधी सम्मको शिक्षा प्राप्त गरेका कलाकारहरूले संलग्नता जनाउने गरेको देख्न सकिन्छ ।विश्वविद्यालयमा आंशिकरूपमा कार्य गरेका प्राध्यापकलाई समयमा पारिश्रमिक उपलब्ध गराउन विश्वविद्यालय प्रशासन समर्थ नभएको पाइन्छ । त्यसको परिपूर्तिका बाध्यतावस् केही सङ्गीतकर्मीहरू यस प्रकारका कार्यक्रममा सहभागिता जनाउने गर्दछन् । त्यस्तै होटल एवम् टेलिभिजनमा प्रसारण हुने विभिन्न सङ्गीत सम्बन्धी कार्यक्रममा सहभागी हुने केहि कलाकारहरू पनि यस्ता कार्यक्रममा सहभागिता जनाउने गरेका छन् । एकै प्रकारको कार्यक्रमबाट फरक वातावरणमा आनन्दको लागि पनि समय समयमा यस्ता कार्यक्रममा सहभागी हुने उनीहरूको धारणा प्राप्त भएको छ । सङ्गीतको कलाकारलाई सङ्गीतका हरेक विधाका शैलीको ज्ञान हुन आवश्यक छ । दर्शक समक्ष कला प्रस्तुतीको अनुभवका लागि पनि यस्ता प्रकारका कार्यक्रममा सङ्गीतकला प्रस्तुतीको प्रचलन रहेको छ । भारतका विद्वान्हरू सबै प्रकारको गायन शैलीमा निपूर्ण भइसकेपछि अन्त्यमा भजन गायन गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ( Parikh, 2015) । कलाकार बन्ने धोको राख्ने सङ्गीतकर्मी दर्शकसमक्ष कलाप्रस्तुतीको अनुभवका लागि पनि यस्ता प्रकारका कार्यक्रममा सहभागिता जनाउने प्रचलन रहेको छ । केही सङ्गीतकर्मीहरू सरकारी संस्थाहरू तथा विद्यालय एवम् विश्वविद्यालयमा स्थायी रोजगारी प्राप्त गर्न भोग्नुपर्ने विभिन्न झन्झटिलो प्रकियाबाट आफूलाई अलग्गै राखेर धार्मीक एवम् श्रीमद्भागवत पुराणमा आफूलाई व्यस्त राखेका छन् । आफुले सिकेको कला प्रस्तुतीकरणको सुरुवात यसप्रकारका कार्यक्रमबाट गरेका सङ्गीतकर्मीहरू व्यावसायिक रूपमा यसमै आनन्द मानेका भेटिन्छन् । यस्ता प्रकृतिका कार्यक्रममा कलाकारहरूको समग्र समूहगत प्रस्तुतीकरणमा दर्शकद्वारा प्रतिक्रिया प्राप्त हुने गर्दछ । समूहमध्ये कुनै एउटा

कलाकारको वादन बाहेक अन्य आयाममा रहेको ज्ञान, अनुभव, विद्वत्ता आदिको कदर यस प्रकारका कार्यक्रममा प्राप्त हुने गर्दैन । सबै कथाकार अनुभवी सङ्गीतकर्मीहरूलाई भनेजस्तो पारिश्रमिक उपलब्ध गराउन असमर्थ हुने गर्दछन् । सङ्गीत सम्बन्धित ज्ञान भएका कथा वक्ताहरुले सङ्गीत सिकेका एवम् नभएका वक्ताहरू कामचलाउ कलाकारहरुलाई प्राथमिकतामा राखेका हुन्छन् । जसद्वारा कामचलाउ प्रकृति कै सङ्गीत प्रस्तुतीकरण हुने गर्दछ । यस प्रकार धार्मिक तथा श्रीमद्भागवत सप्ताहमा विद्यार्थीदेखि शिक्षक तथा कामचलाउ कलाकारहरूको सहभागिता रहेको देख्न सकिन्छ ।

**कार्यक्रममा प्रस्तुति हुने सङ्गीतको प्रकार एवं शैली**

कीर्तन भन्नाले कसैका राम्रा गुणहरूलाई पाठ वा प्रवचन दिएर महिमाको बखान गर्नु हो । भजन भन्नाले दैवसङ्ग व्यक्तिगत संवाद वा भावनात्मक आदानप्रदानलाई असर गर्ने गीत हुन्छ । १२ औं शताब्दीका जयदेवद्वारा गीत गोविन्दको रचना पश्चात् पद कीर्तनको सुरुवात भएको मानिन्छ (Beck, 2010) । स्वयम् गायन नगर्ने तर सङ्गीतको आनन्द लिन सिकेका कथावाचकद्वारा सङ्गीत सिकेका सङ्गीतकारलाई कथामा सामेल गराउने प्रचलन रहेको छ । सङ्गीतको औपचारिक अध्ययन गरेका कलाकारहरू सङ्गीतको उच्च गुणको सहि प्रयोग गरेर कथामा अझ रौनकता वृद्धि गर्दछन् । उञ्च सङ्गीत भन्नाले त्यस प्रकारको सङ्गीत जसको विकास प्राचीनकालदेखि हालसम्म बौद्धिक आधारमा निरन्तर भइरहेको छ भन्ने उल्लेख पाइन्छ (सेन, सन् २००५, पृ. १४१-१४५) । लोक सङ्गीतमा जानकारी एवम् रुची राख्ने कथाकारहरूको कार्यक्रममा शास्त्रीय सङ्गीत सिकेका कलाकारको कला प्रस्फुटन सम्यक् प्रकारबाट हुन पाउँदैन । शास्त्रीय सङ्गीतको ज्ञान भएको कथा वाचक भएमा कलाकारहरुलाई कला प्रस्तुतीकरणमा सहज हुन्छ ।

परम्परागत मान्यतामा रहेका गुरुजीहरू सङ्गीत ब्राह्मणहरूको अधिकार भएको विषय होइन भन्ने धारणा पनि राख्ने हुनाले कथा वाचक स्वयम् गायन नगर्ने अवस्थामा सङ्गीतकलाकार राख्ने प्रचलन रहेको छ । अमरकोश लगायतका प्राचीन विभिन्न ग्रन्थहरूमा सङ्गीत सम्बन्धी कार्यहरू शूद्रकै कार्य क्षेत्र भित्र पर्ने कुरा पनि उल्लेख पाइन्छ ( रेग्मी, २०७८) । त्यसकारण, कतिपय कथा वक्ताहरूले सङ्गीतको महत्वको वर्णन मुक्तकण्ठद्वारा गरेता पनि उपयुक्त प्रकारले गायन नगरेको देख्न सकिन्छ (आचार्य, २०७९) । त्यस प्रकारको सोचाइलाई एकातिर राखेर वर्तमानमा केही कथाकारहरूले आफूलाई उपयुक्त हुनेगरी सङ्गीत अन्तर्गत गायनको औपचारिक अध्ययन पनि गरेको पाइन्छ । स्व.बिनय बर्माको सङ्गीत कक्षामा विभिन्न कथाकारहरू जसलाई स्वयम् हार्मोनियम वादन गर्दै सामान्य नाम संकिर्तन गर्ने सम्मको शिक्षाको आवश्यकता रहेको व्यक्त गरेको अध्येताले पनि अनुभव गरेको छ । कथामा वेदान्तलाई महत्व दिने कतिपय सन्यासी कथाकार श्रीमद्भागवत कथामा सङ्गीतलाई व्यवधानको रूपमा लिने गर्दछन् । नेपालका विभिन्न स्थानहरूमा लोकगीत अन्तर्गत भिन्न शैली रहेका हुन्छन् । कार्यक्रम आयोजना गरिएको स्थानमा प्रचलनमा रहेको शैली अन्तर्गत रहेर गायन वादन गर्न सक्ने कलाकारहरूलाई उच्चसम्मान प्राप्तहुने गर्दछ । भारतीय भजन गायकहरूलाई श्रवण गर्ने तथा शास्त्रीय सङ्गीतको थोरैमात्र ज्ञान भएका जनसमुदाय एवम् कथाकारद्वारा शास्त्रीय सङ्गीत सिकेका कलाकारको सम्मान गर्दछन् । नाम सङ्कीर्तनबाट सुरुवात भएको श्रीमद्भागवतमा सङ्गीतको परम्परा वर्तमानसम्म आइपुग्दा विभिन्न भजन एवम् प्यारोडीसम्म पुगेको अनुभव गर्न सकिन्छ ।

**संगीतात्मक प्रवचनबाट समाजलाई हुने फाइदा**

समाजमा विभिन्न सामुदायिक क्रियाहरूको परिपूर्तिको लागि गरिने आयोजना सामाजिक हो । सामुदायिक स्कुल, मठ मन्दिर, स्वास्थ्य चौकी निर्माण, एम्बुलेन्स खरिद लगायत विभिन्न यसका उदाहरण हुन् । यस्ता प्रकारका कार्यक्रमबाट विपन्न अवस्थामा रहेका विभिन्न समुदायमा स्वास्थ्य, शिक्षा लगायतका कार्यहरू पनि भएको देख्न सकिन्छ । समाजमा धार्मिक आस्थाका केन्द्रका रूपमा रहेका मठ मन्दिरको आर्थिक अभावद्वारा रोकिएको सेवा आराधना पनि सुचारु रुपले चलेको देख्न सकिन्छ । सङ्गीत सिक्नुपर्छ भन्ने मानसिकताको अभिवृद्धि हुने हुँदा सङ्गीत शिक्षकहरूको रोजगारीमा वृद्धि गराउनका लागी सङ्गीतमय कथाको महत्वपूर्ण भूमिका रहेको छ । यस्ता प्रकृतिका कार्यक्रममा सहभागिता जनाउने कलाकारहरूलाई कला प्रस्तुति साथै रोजगारीको अवसर प्राप्त हुने गर्दछ । त्यसका साथसाथै पौरस्त्य ज्ञान, संस्कार संस्कृतिको सहजताका साथ ज्ञानहुने गर्दछ ।

**निष्कर्ष**

नेपाल प्राचीनकालदेखि नै धार्मिकस्थल रहेको छ । विभिन्न प्रकारका धर्ममा आस्थावान् समूहद्वारा विभिन्न किसिमको धार्मिक सङ्गीतको प्रयोग हुने गरेको देख्न सकिन्छ । पुराणहरूमा भजनकीर्तनको मुक्तकण्ठले प्रशंसा गरेको

हुनाले वैदिक सनातनीहरूद्वारा आयोजना गरिने श्रीमद्भागवत लगायतका अनुष्ठानमा सङ्गीतको प्रयोग परम्परागत रूपमा भएको देख्न सकिन्छ । यस प्रकारको कार्यक्रममा सङ्गीतको सुरुवातमा नाम सङ्कीर्तन मात्र हुने गरेको भए तापनि कथा आयोजना हुने स्थान एवम् परिवेसका आधारमा हालसम्ममा प्यारोडीसम्म पुगेको छ । धार्मिक एवम् भागवत लगायतका कार्यक्रममा आफूले आर्जन गरेको सङ्गीतकलाको उपयोग गर्ने कलाकारहरू बेरोजगार बस्नुपर्ने अवस्थाबाट पर रहेका छन् भन्न सकिन्छ । राष्ट्रका सबै सङ्गीत सम्बन्धी संस्थाहरूमा मागिएको विभिन्न पदहरूमा प्रतिस्पर्धामा उत्तीर्ण हुन त्यत्ति सहज छैन । श्रीमद्भागवत सप्ताहमा सहभागिता जनाउने कलाकार आर्थिक रूपमा सबल भएको देख्न सकिन्छ ।सङ्गीतको उचित ज्ञान भएका कथाकारसङ्ग कार्य गर्नुपर्ने अवस्थाले गर्दा सङ्गीत सिक्नुपर्छ भन्ने भावनाको विकासबाट सङ्गीत शिक्षकको पनि रोजगारीमा वृद्धि भएको छ । वर्तमानमा सप्ताह लगायत धार्मिक कार्यक्रममा अनुबन्धित हुने सङ्गीतकारहरू सङ्गीत विषयमा सामान्यदेखि स्नातक, स्नातकोत्तर एवम् विद्यावारिधी तहसम्म शिक्षा प्राप्त गरेका भेटिन्छन् । कार्यक्रममा सहभागिता जनाउने कलाकारलाई विभिन्न स्थानमा हुने कार्यक्रमले त्यस स्थानको सङ्गीत शैली सङ्गीत संस्थामा आवद्ध भएका शिक्षक कलाकारको तुलनामा प्रत्यक्ष ज्ञानहुने गर्दछ । कथाकारसँग हुने कार्यक्रममा पौरस्त्य ज्ञान, विज्ञान, संस्कृति आदिको सहज रूपमा जानकारी हुने गर्दछ । सङ्गीतद्वारा केही पनि उपलब्धी हुँदैन भन्ने अविभावकहरूलाई यस प्रकारको कार्यक्रमबाट पनि जीवन यापन सम्भव छ जानकारी हुन्छ । व्यक्तिगत उपलब्धी, अनुभव आदिको आधारमा गरिनुपर्ने सम्मान यस प्रकारको कार्यक्रममा भएको पाउन सकिँदैन ।

**सन्दर्भसूची**

अधिकारी, सुशीलकुमार. ( सन् २०२१ ).नेपालमा वैष्णव धर्मको प्रचार. *DRISTIKON*, VOL. 11(1), 309-319, 2021, RMC, MMC, Dharan, DOI: https://doi.org/10.3126/dristikon.v11i1.39172 .
आचार्य, घनश्याम (१-८ / वैशाख / २०७९). *'श्रीमद्भागवत सप्ताह अनुष्ठान'.* वेङ्कटेश देवस्थान, गौशाला, काठमाडौं ।
नेपाली बृहद शब्दकोश एप (२०७६). कमलादी, काठमाडौं, ने.प्र.प्र. ।
पाटणकर, सुमन. ( सन् १९८२/८३). *हमारा सङ्गीत*, भाग -५. बुलन्दशहर, सङ्गीत कला केन्द्र ।
पाल, जे.( सन् १९३८). *सङ्गीत चिकित्सा.* डा.जे.पाल, लाहोर ।
प्रधान, किरण. (२०७२) *स- सङ्गीत* .स्वयम्भु, काठमाडौं, नेपाल, श्री नेपाल शैक्षिक सामग्री उ.प्रा.लि. ।
प्रधान, मृगेन्द्रमान सिंह. (२०४०). *नृत्य* (इच्छाधीन,कक्षा ९र१० संयुक्त )सानोठिमी. जनक शिक्षा सामग्री केन्द्र लि ।
भट्टराई, गोविन्द प्र.(२०७७). *भरत मुनिको नाट्य शास्त्र(भरतनाट्यम) अनु.दोश्रो संस्करण.* काठमाडौं, ने.रा.प्र.प्र.।
भण्डारी, अच्युतराम (२०५८). *तालानन्द*, भोटाहिटी, काठमाडौं, आर. डि.एन. पब्लिकेशन ।
मराठे, भाल्चन्द्र राव ( सन् १९९१). *ताल वाद्य शास्त्र*, ग्वालियर. भारत, शर्मा पुस्तक सदन ।
युगपत्र संवाददाता (०५/वैशाख/२०७८). *पुराणको परिचर्चा*, Retrieved on 05/06/2022, https://yugapatra.com/1518/ .
रेग्मी, ध्रुवेश्चन्द्र (१२/असोज/२०७८). *'दर्शन शास्त्र/ विद्यावारिधि अध्यापन'.* किर्तिपूर, काठमाडौं ।
वसन्त ( सन् २०१०). *सङ्गीत विशारद.* उ. प्र., हाथरस, सङ्गीत कार्यलय ।
सेन, अरुण कुमार (सन् २००५). *भारतीय तालोंका शास्त्रीय विवेचन.* भारत, मध्य प्रदेश हिन्दी ग्रन्थ अकादमी ।
सर्वहारी, कृष्णराज (२७/ भाद्र /२०७७). *'ओझेलमा शास्त्रीय सङ्गीत'.* Retrived on 15/Jan/2023 https://annapurnapost.com/news/166009.
शर्मा, भरत (२५/वैशाख/२०७८). *'कान्छो पुत्र सोध्छ, 'तपाईको काशी' कहिले जाने?'.* Retrived on 05/15/2022 https://nepalnamcha.com/latest/5767.
शाक्य, केशवमान (०४/पौष २०७८). *'नेपालमा ८५ प्रतिशत गैरहिन्दू छन्'.* Retrived on 14/Jan/2023 on https://www.himalkhabar.com/news/127356.
श्रीमद्भगवत गीता,(२०७६). गीताप्रेस. भारत, गोरखपुर ।
श्रेष्ठ, सुमित्रा (२०६६), *नेपालमा तबलाको क्रमिक विकाश*, काठमाडौं ।
ज्ञवाली, पुष्पप्रकाश (२०७८). *'पञ्चायतन देवापूजा- पद्धति र श्रीविष्णुपञ्चायतन पूजाको महत्व'.* श्रीरामानुजाचार्य एवम् विशिष्टाद्वैत दर्शन, नेपाल, श्रीवैष्णव युवा परिषद् ।

Beck, G. L. (2010). *Kīrtan and Bhajan in Bhakti Traditions*. Brill's Encyclopedia of Hinduism. Vol. II. (585-598) Retrived on 24/Dec/2022 https://www.academia.edu/

Bishnoi, Parth (15/Aug/2020). *अभयचरणारविंद भक्तिवेदांत स्वामी प्रभुपाद जीवनी* , retrieved on 05/22/2022 https://www.janamkatha.com/2020/08/swami-prabhupad-jivani.html.

Singh, Jaidev (2010). *भारतीय सङ्गीत का इतिहास,* वाराणसी, भारत, विश्वविद्यालय प्रकाशन ।

Parikh, Arvind (17/ April /2017). 19th Session. All-Inclusive Taleem. *Haveli Sangeet Part 2* Retrieved on 04/07/2022. https://youtu.be/hP8PPC2_B3g.

Parikh, Arvind (17/ Nov/2015). *11th Baithak - Pandit Shekhar Sen His Musical Journey*. Retrieved on 05/15/2022 https://youtu.be/64iW7rgaWRA.

Poudel, P. (2021). Ubiquity of music and its prevalence – some approaches. Sangeet Galaxy, 10(2), 40–49.

Regmi, D. C. ( July/ 2003). '*The history of music in Nepal with special reference to classical music during the Rana period (1846-1951 A.D.)*' . Delhi, India. ( Unpublished thesis for the Doctor in Philophy).

Small, Adam,(2018). '*30-awesome-music-quotes-from-famous-non-musicians*'. Retrieved on 05/13/2022 https://www.mymusicmasterclass.com/.

Varya, Tank Vilas -n.d.). *Nepal, the Seat of Cultural Heritage*. Mahankalsthan, Kathmandu, Nepal, Educational Enterprises Pvt.Ltd.

Vedik Aim,(2017). '*dharam-kya-hai*'. Retrieve on 05/05/2022 https://www.vedicaim.com/.